# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन, नेपाल
प्रदेश नं. ३

## BHARATPUR METROPOLITAN CITY

**Office of Municipal Executive**

Bharatpur, Chitwan, Nepal

प.सं.०७४/७५
च.नं. ८४५६

मिति :- २०७५/०२/२४

**विषय : कर, दस्तुर र शुल्क संकलन र व्यवस्थापन सम्बन्धमा ।**

श्री वडा अध्यक्षज्यू,
१ देखि २९ वडा कार्यालय सबै,
भरतपुर महानगरपालिका ।

प्रस्तुत विषयमा स्थानीय सरकार संचालन ऐन, २०७४ ले प्रदान गरेका अधिकारको प्रयोग गरी भरतपुर महानगरपालिकाले आ.व.२०७४/०७५ का लागि पारित गरेको अर्थ विधयेक वमोजिम कर तथा शुल्क संकलनलाई प्रभावकारी बनाई आन्तरिक आयमा लक्ष्य अनुसार राजश्व संकलन गर्ने कार्यमा वडा कार्यालयको महत्वपूर्ण भूमिका रहने भएकोले कर, शुल्क संकलन र व्यवस्थापन सम्वन्धमा निम्नानुसार गर्नु गराउनु हुन आदेशानुसार अनुरोध गरिन्छ ।

**तपसिल :**

१. आफ्ना वडा भित्रका करदाताहरुलाई कानून बमोजिम महानगरपालिकालाई बुझाउन पर्ने करहरु समय मै बुझाउन जानकारी गराउने ।

२. महानगरपालिका क्षेत्रभित्र व्यवसाय गर्ने सम्पूर्ण व्यवसायीलाई व्यवसाय दर्ता गर्न लगाउने र व्यवसाय दर्ता भएकालाई वार्षिक रुपमा तोकिईएको राजश्व नविकरण गर्न जानकारी गराउने ।

३. अन्य निकायमा व्यवसाय दर्ता गरी महानगरपालिकामा व्यवसाय दर्ता नगरेका तर व्यवसाय संचालन गरी रहेका व्यवसायीको व्यवसाय दर्ता गर्न लगाई व्यवसाय संचालन भएको आर्थिक वर्ष देखिको कर रकम असुल गर्ने गराउने ।

४. व्यवसाय बन्द भएको सिफारिस माग गर्दा संचालन भएको अवधि देखिको कर नतिरेको भए सम्पूर्ण कर दाखिला गर्न लगाई यर्थाथ बुझि मात्र सिफारिस गर्ने गराउने । महानगरपालिकामा दर्ता नभएका व्यवसायीको हकमा अन्य निकायमा दर्ता भएको आ.व. देखिको नै पुरै रकम असुल गरेर मात्र सिफारिस दिने व्यवस्था गर्ने ।

५. महानगरापलिका भित्र बहालमा लगाउने संरचना तथा जग्गाको वहालकर १० (दश) प्रतिशतका दरले उठाउनका लागि बहाल दिने सम्पूर्ण धनीहरुलाई विवरण पेश गर्न जानकारी गराउने । यस आर्थिक वर्षमा आन्तरिक राजश्व कार्यालयमा बुझाई सकेको हकमा बुझाएको समय सम्मको वाहेक बाँकी अवधिको वहाल रकम निर्धारण गरी लिने ।

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)

लेखा प्रमुख
(उप-सचिव)

Scanned by CamScanner

# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, नेपाल
प्रदेश नं. ३

प.सं.०७४/७५
च.नं.

# BHARATPUR METROPOLITAN CITY
## Office of Municipal Executive
Bharatpur, Chitwan, Nepal

६. एकिकृत सम्पत्ति कर समयमा नै बुझाउन जानकारी दिने । महानगरपालिका क्षेत्रभित्रका सम्पत्तिधनिले आफ्नो सम्पूर्ण संरचना तथा जग्गाको विवरण एकिकृत एकिकृत गरी एकै पटकमा एकिकृत सम्पत्ति कर बुझाउन र यर्थाथ परक विवरण पेश गर्न लगाई सम्पत्ति कर असुली गर्ने केन्द्रहरुमा कर तिर्न उत्प्रेरित गर्ने गराउने ।

७. सेवाग्राहीले माग गर्ने सिफारिसहरुमा तोकिए बमोजिमको सिफारिस शुल्क लिई रसिद प्राप्त भएमा मात्र सिफारिस पत्रहरुमा सहिछाप गर्ने गराउने ।

८. महानगरपालिकालाई बुझाउन पर्ने कर, दस्तुर, शुल्क चुक्ता नगरी कसैलाई पनि सेवा प्रदान नगर्ने व्यवस्था गर्ने गराउने ।

९. आम्दानी प्रमाणित गर्दा व्यवसाय वापत देखाउने आम्दानीमा व्यवसाय दर्ता, नविकरण एवम् कर असुली भए पछि मात्र प्रमाणीत गर्ने गराउने ।

१०. वहाल कर प्रमाणीत गर्दा वहाल कर रकम असुली गरि प्रमाणीत गर्ने गराउने ।

११. महानगरपालिकामा व्यवसाय दर्ता गर्ने व्यवसायीलाई प्यान नम्बर दर्ता तथा अन्य सम्बन्धित निकायमा दर्ता गर्न जानकारी गर्ने गराउने ।

१२. दैनिक आम्दानी भएको राजश्वको अभिलेख राखी सम्भव भए सोही दिन र नभए सोको भोली पल्ट राजश्व रकम बैक खातामा जम्मा गर्ने ।

१३. साप्ताहिक र मासिक राजश्व आम्दानी तथा दाखिला विवरण महानगरको राजश्व शाखामा अनिवार्य पठाउनु पर्ने ।

..............................
(खडानन्द अधिकारी)
उप-सचिव (लेखा)
लेखा प्रमुख
(उप-सचिव)



Scanned by CamScanner